## सानिमा बैंक लिमिटेडको
## तेह्रौं वार्षिक साधारणसभाको विवरण

यस बैंकका संचालक समितिका अध्यक्ष श्री विनय कुमार श्रेष्ठको अध्यक्षतामा बि.सं.२०७४ साल आश्विन २९ गते (१५ अक्टोबर २०१७) आइतबार विहान ११:०० बजे देखि अपरान्ह ३:०० बजेसम्म नक्साल ब्यांकेट, नारायणचौर, नक्साल, काठमाडौंमा सम्पन्न भएको तेह्रौं वार्षिक साधारणसभाको निर्णयहरु तथा अन्य कामकारबाही समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम रहेकोछ ।

१. उपस्थिति :

**क. सभामा उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | श्री विनयकुमार श्रेष्ठ | - अध्यक्ष |
| २. | श्री तुकप्रसाद पौडेल | - सञ्चालक |
| ३. | डा.सुवर्णदास श्रेष्ठ | - सञ्चालक |
| ४. | श्री भरतकुमार पोखरेल | - सञ्चालक |
| ५. | श्री महेश घिमिरे | - सञ्चालक |
| ६. | श्री भरतबहादुर थापा | - सञ्चालक |

**ख. अन्य पदाधिकारीहरु :**

| | | | |
|---|---|---|---|
| १. | श्री भुवनकुमार दाहाल | - | प्रमूख कार्यकारी अधिकृत |
| २. | श्री सरोज गुरागाँई | - | प्रमुख वित्तीय अधिकृत/कम्पनी सचिव |

**ग. सम्बन्धित निकायका प्रतिनिधिहरुको उपस्थिति :**

घ. यस तेह्रौं वार्षिक साधारणसभाको मितिसम्म ३६७७२ (फिजिकल तथा डिम्याट समेत) जना शेयरधनीहरु सभामा सहभागी हुन र मतदान गर्न योग्य रहेका ।

**ङ. शेयरधनीको प्रतिनिधित्व प्रतिशत**

| | | |
|---|---|---|
| **स्वयम उपस्थिति** | - | ३४.३६% |
| **प्रोक्सी मार्फत** | - | २५.३५% |
| **जम्मा** | - | **५९.७१%** |

**च. गणपुरकसंख्या तथा सभाको वैधानिकता :**

यस बैंकको संचालक समितिको बि.स.२०७३ साल आश्विन ४ गते बसेको ३३८औं बैठकको निर्णयानुसार बैंकको तेह्रौं वार्षिक साधारणसभाको सूचना बि.सं.२०७४ आश्विन ७ गते "राजधानी" राष्ट्रिय दैनिक र आश्विन २२ गते "कारोवार"राजधानी दैनिकमा प्रकाशित गरि शेयरधनीहरूलाई सभावारे जानकारी गराइएको थियो । बैंकको नियमावलीको नियम ११ बमोजिम सभा संचालनको लागि गणपूरकसंख्या कुल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि हुनुपर्नेमा कूल शेयर संख्याको स्वयं उपस्थिति तथा प्रोक्सी मार्फत ५९.७१ प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि

गणपूरकसंख्या पुगेको र कम्पनी ऐन, २०६३ अनुसार साधारणसभा वैधानिक भएको जानकारी सभालाई गराइयो ।

२. **छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव :**

१. तेह्रौ वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ साल आषाढ मसान्तको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारीत गर्ने ।

३. यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.व.२०७३/७४ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारीत गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७४/७५ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने ।

५. संस्थापक समुह (समूह "क") बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको १६(सोह्र) प्रतिशत (रु.१,१०,३६,२१,४४०/- का दरले बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

२. बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने लगायत अन्य व्यवस्था समावेश गरी सो अनुरुप प्रवन्धपत्रमा आवश्यक संशोधन गर्न स्वीकृत गर्ने ।

३. बैंकका संचालक तथा अध्यक्षको पदावधि सम्बन्धी व्यवस्था लगायत अन्य व्यवस्था संशोधन गर्न नियमावली संशोधन गर्ने ।

४. बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

ग. विविध

३. **सभाको प्रारम्भ :**

वि.सं.२०७४/६/४ को सञ्चालक समितिको ३३८ औं बैठकको निर्णयबाट प्रस्ताव गरिए बमोजिम तेह्रौं वार्षिक साधारणसभामा छलफलको लागि उल्लेखित प्रस्तावहरु निर्णयको लागि पेश गरिएको जानकारी प्रमुख वित्तीय अधिकृत तथा सभाका कम्पनी सचिव श्री सरोज गुरागाँईलले गराउनु भयो ।

४. **प्रतिवेदन प्रस्तुत:**

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री विनय कुमार श्रेष्ठले सभामा उपस्थित शेयरधनी एवं आमन्त्रीत महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथै सञ्चालक समितिको तर्फबाट आ.व.२०७३/७४ को लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाव, नाफा-नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण आदि सहितको सञ्चालकसमितिको वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो ।

५. प्रस्तुत प्रतिवेदन उपर सभामा उपस्थित शेयरधनीज्यूहरु श्री अमृतनाथ रेग्मी, श्री अशोक उप्रेती, श्री व्यासकुमार शर्मा, श्री मेजर कुबेर श्रेष्ठ, श्री डमरुबल्लभ घिमिरे, श्री शिवप्रसाद पौडेल, श्री इन्द्रकृष्ण श्रेष्ठ, श्री बैजनाथ रौनियार, श्री उत्तम प्रसाद घिमिरे, श्री नवराज घिमिरे, श्री तुलसीराम ढकाल, श्री भक्तिप्रसाद उप्रेती, श्री शिवप्रसाद शर्मा, श्री जयन्द्रमान सिंह वानिया, श्री चन्द्रनारायण श्रेष्ठ, श्री नरसिंहलाल चंखु, श्री कृष्णप्रसाद अधिकारीले आ-आफ्नो राय, सुझाव, मन्तव्य एवं जिज्ञासा राख्नु भयो ।

जवाफ :

शेयरधनीहरुबाट राख्नु भएका जिज्ञाषाहरुको अध्यक्षज्यू तथा बैंकका प्रमुख कार्यकारी अधिकृतले स्पष्ट पार्दै शेयरधनीहरुले सभा समक्ष राख्नु भएका राय, सुझावको लागि आभार प्रकट गर्दै प्राप्त उपयोगी राय, सुझावहरुलाई आगामी दिनमा क्रमशः कार्यान्वयन गर्दै लगिने ब्यहोरा सभा समक्ष राख्नु भयो ।

६. **सभाबाट भएका निर्णयहरु:**

क. **सामान्य प्रस्ताव**

१. **तेह्रौ वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सभामा छलफल भई सर्वसम्मतिबाट पारीत गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ साल आषाढ मसान्तको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारीत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ साल आषाढ मसान्तको बैंकको वासलात, आ.व.२०७३/७४ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

साथै, साविक बागमती डेभलपमेन्ट बैंक लिमिटेडको वि.स.२०७३ पौष २८ गते सम्मको (२०७३ पौष २९ गते प्राप्ती गर्नु भन्दा अगाडी) वासलात, श्रावण १, २०७३ देखि पौष २८, २०७३ सम्मको नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण समेत छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

३. **यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.व.२०७३/७४ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारीत गर्ने ।**

आ.व.२०७३/७४ को यस बैंकको एकिकृत (सानिमा क्यापिटल लिमिटेड समेतको) वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण समेत छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

४. **लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७४/७५ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने ।**

लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक एलडिएसए एशोशिएट चार्टर्ड एकाउण्टेण्टसलाई तपसीलमा उल्लेख भए बमोजिम चालू आ.व.२०७४/७५ को लागि लेखापरीक्षकमा नियुक्ति गर्ने तथा निजको पारीश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतिबाट पारीत गरियो ।

<u>पारिश्रमिक :</u>

लेखापरीक्षण (Statutory Audit, Tax Audit, LFAR) प्रमाणित लगायत Statutory Auditor ले गर्नु पर्ने सम्पूर्ण कार्यहरु) कार्य गरे वापत मूल्य अभिवृद्धि कर सहित एकमुष्ट रु.१३,००,०००/- (रुपैया तेह्र लाख) उपलब्ध गराउने । यस बाहेक अन्य कुनै सुविधा तथा खर्च उपलब्ध गराईने छैन ।

५. **संस्थापक समुह (समूह "क") बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।**

संस्थापक समूह(समूह "क") का शेयरधनीहरुका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना निम्न उल्लेखित संस्थापक शेयरधानीहरु आगामी ४ वर्षका लागि संचालकमा निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृत श्री बद्री विशाल घिमिरले सभालाई जानकारी गराउनु भयो ।

तपसील :

१. श्री विनय कुमार श्रेष्ठ
२. श्री अमला इन्भेष्टमेन्ट प्रा.लि.का तर्फबाट श्री तुकप्रसाद पौडेल
३. श्री जय गणेश इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.का तर्फबाट श्री शाम्वा लामा

**(ख) विशेष प्रस्तावहरु :**

१. **संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको १६(सोह्र) प्रतिशत (रु.१,१०,३६,२१,४४०/-) का दरले वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।**